**नेपाल सरकार**
**उद्योग मन्त्रालय**
**उद्योग विभाग**
त्रिपुरेश्वर, काठमाडौं
**सवारी साधन (मोटरसाइकल) खरिद सम्वन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना**
(प्रथम पटक प्रकाशित मिति २०७३/८/१०)

यस **विभाग**को लागि स्वीकृत स्पेसिफिकेशन बमोजिमको तपशील वमोजिम सवारीसाधन (मोटरसाइकल) खरिद गर्नु परेकोले इच्छुक आयकर र मूल्यअभिवृद्धि करमा दर्ता भएका इजाजत प्राप्त इच्छुक फर्म वा कम्पनीहरुबाट तपसिलका शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ।

**तपसिल**

१. शिलबन्दी दरभाउपत्र फाराम र सो संग सम्वन्धित Specification समेत यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र कम्पनी दर्ताको प्रमाणपत्र, PAN तथा VAT दर्ता प्रमाणपत्र र आ.व.२०७२/०७३ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गरी कार्यालय समयमा यस विभागको परिसरमा रहेको ग्लोवल आइएमई वैंकको खातामा नं. १४२२७ मा रु ३००/- (फिर्ता नहुने गरी) वुझाएको नगद भौचर पछि यस विभागको आर्थिक प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ।

२. शिलबन्दी दरभाउपत्र पेश गर्दा जमानत वापत तपसिलमा उल्लेख गरेबमोजिमको जमानत रकम कोष तथा लेखा नियन्त्रक कार्यालय भुक्तानी केन्द्र नं. १ त्रिपुरेश्वरको नाममा राष्ट्रिय बाणिज्य बैंक, टेकूमा रहेको धरौटी खाता नं. १७००२०३ कार्यालय कोड नं. २७-३०७०७ मा कबोल गरेको अंकको २.५ प्रतिशत हुने आउने रकम रु १२५००/- दाखिला गरेको सक्कलै बैंक भौचर वा यस विभागको नाममा जारी गरिएको शिलबन्दी दरभाउपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुने गरि ७५ दिनअबधि (Validity) रहेको सक्कल बैंक जमानतपत्र (Unconditional Bidbond) संलग्नगरि पेश गर्नुपर्ने छ।

३. शिलबन्दी दरभाउपत्रहरु प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० वजेभित्र यस **विभाग**को आर्थिक प्रशासन शाखामा दर्ता गराई सक्नु पर्नेछ। दर्ता हुन आएका शिलबन्दी दरभाउपत्र फारामहरु सोही दिन दिनको २:०० वजे शिलबन्दी दरभाउपत्रदाता स्वयं वानिजको प्रतिनिधि वा निजहरु उपस्थित नभए पनि कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस **विभाग**मा खोलिनेछ।

४. शिलबन्दी दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्वजनिकविदा परेमा उक्त कार्य विदा पछि कार्यालय खुलेको दिन सोही समयमा गरिनेछ।

५. रित नपुगेको, म्याद नाघि वा शर्त राखी पेश भएको शिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

६. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने पूर्ण अधिकार यस **विभाग**मा निहित हुनेछ।

७. यो सूचना **विभाग**को Website: www.doind.gov.np मा पनि हेर्न सकिनेछ। साथै यस सम्वन्धी विषयमा थप वुझ्नु परेमा यस **विभाग**को फोन नं. ०१४२५६२२६ तथा आर्थिक प्रशासन शाखाबाट पनि जानकारी लिन सकिनेछ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | कामको बिबरण | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | **DOI/MB/SQ/73-74/01** | **Motorcycle (125±2CC Class)** | ३ | |